श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ४९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### औद्योगिक व्यवसाय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः-- औद्योगिक व्यवसाय ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को (१) खण्ड (क) को आखिरी पंक्तिमा रहेको "कम्पनी वा फर्म" शब्दहरूको सट्टा "कम्पनी, कर्पोरेशन वा फर्म" शब्दहरू राखिएको छ ।

(२) खण्ड (च) पछि निम्नलिखित खण्ड (छ) र (ज) थपिएको छः–

(छ) "विदेशी "मुद्रा" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको विदेशी मुद्रा सम्झनुपर्छ ,

(ज) "उद्योग समिति" भन्नाले यो ऐन अन्तर्गत गठन भएको उद्योग समिति सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को प्रतिबन्धात्मक वाक्यांश (ग) लाई खारेज गरी त्यसको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश (ग) राखिएको छः–

173

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ठूला उद्योगहरूको स्थापनामा नेपाली वा विदेशी नागरिक वा दुवैले पनि पूंजी लगाउन सक्ने गरी अनुमति दिइनेछ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को (१) मार्जिनल नोटमा रहेको "विदेशी मुद्राको सहूलियत" भन्ने शब्दहरूको सट्टा "विदेशी मुद्रा र सहूलियत" भन्ने शब्दहरू राखिएको छ ।

(२) उप–दफा (१) खारेज गरी त्यसको सट्टा निम्नलिखित उप–दफा (१) राखिएको छः–

(१) आवश्यक मेशिन, कलपूर्जा, जगेडा, पार्टपूर्जा, नेपालमा नपाइने वा नपुग्ने कोरा माल र विदेशी प्राविधिज्ञहरूको पारिश्रमिकको निमित्त विदेशी मुद्राको व्ययभार पर्ने उद्योगलाई सन्तुलित मात्रामा विदेशी मुद्रा पुऱ्याई नियमित रूपमा चलाउने उद्देश्य पूरा गर्न यस ऐन अन्तर्गतको नियममा व्यवस्था गरे बमोजिम विदेशी मुद्राको सहूलियत दिइनेछ ।

(३) उप–दफा (३) र (४) को सट्टा निम्नलिखित उप–दफा (३) र (४) राखिएको छः–

(३) विदेशी उद्योगपतिलाई निजले उद्योगमा लगाएको पूंजी फिर्ता लैजान प्रतिवर्ष सो पूंजीको बढीमा २५ प्रतिशतसम्म विदेशी मुद्रा उपलब्ध गराइनेछ ।

(४) उद्योगको काममा लगाइराखेका विदेशी प्राविधिज्ञको पारिश्रमिकको बढीमा २५ प्रतिशतसम्म विदेशी मुद्रामा सटही गरिदिनेसमेत सबै बैंकिग सहूलियत दिइनेछ ।

(४) उप–दफा (४) पछि निम्नलिखित उप–दफा (५) थपिएको छः–

(५) कुनै उद्योग नेपालको निमित्त लाभदायक देखिन आएमा र सो उद्योगलाई माथि उप–दफाहरूमा उल्लिखित सुविधाहरूमा थप अरू कुनै खास सहूलियत दिन आवश्यक देखिएमा परिस्थितिको ध्यान राखी र उद्योग समितिको सिफारिशको आधारमा श्री ५ को सरकारले अरू सहूलियत पनि दिन सक्नेछ ।

५. मूल ऐनको दफा ६ पछि निम्नलिखित दफा ६क र ६ ख थप्नेः– मूल ऐनको दफा ६ पछि निम्नलिखित दफा ६क र दफा ६ ख थपिएको छः–

६क. घर, जग्गा किन्न पाउने सुबिधा र शर्तः– गैर नेपाली नागरिकको एकलौटी वा नेपाली नागरिक र विदेशी नागरिकको दुवैको हिस्सेदारीमा खडा भएको नेपाल अधिराज्यभित्र रजिष्टर्ड भएको प्राइभेट फर्म वा प्राइभेट लिमिटेड कम्पनी वा पब्लिक लिमिटेड कम्पनी वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्पोरेशनले नेपाल अधिराज्यभित्र श्री ५ को सरकारले इजाजत दिएको औद्योगिक व्यवसाय चलाउन श्री ५ को सरकारले इजाजत दिएको ठाउंमा त्यसरी इजाजत दिएजति घर, जग्गा किन्न पाउनेछ । त्यस्तो फर्म, कम्पनी वा कर्पोरेशनले त्यसरी किनेको घर जग्गालाई सोही इजाजत प्राप्त औद्योगिक व्यवसायको कामको निमित्त मात्र उपयोग गर्न पाउनेछ ।

तर त्यस्तो घर, जग्गालाई इजाजत पाएको काम बाहेक अरू काममा लगाएमा वा कुनै किसिमबाट त्यस्तो घर जग्गा किन्ने फर्म, कम्पनी वा कर्पोरेशन विघटन वा लोप हुन गएमा सो घर जग्गालाई श्री ५ को सरकारले लिखित सूचनाद्वारा वा नेपाल गजेटमा प्रकाशित आदेशद्वारा तोकिदिएको म्यादभित्र वा म्याद थप भएमा सो थप म्याद-भित्र नेपाली नागरिकलाई बिक्री गरिदिनुपर्नेछ । सो म्यादभित्र बिक्री गर्न नसकेमा त्यस्तो घर, जग्गालाई श्री ५ को सरकारले उचित ठह-र्याएको मोलमा श्री ५ को सरकारलाई नै बिक्री गर्न बाध्य गर्न सक्नेछ ।

८ख. उद्योग समिति गठन गर्ने अधिकारः— यस ऐनको उद्देश्य पूर्ति गर्न र नयां उद्योगका निमित्त परेका दरखास्तहरूमा विचार गरी सुझाव पेश गर्न श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमका सदस्यहरूको एक उद्योग समिति गठन हुनेछ । सो समितिमा रहने सदस्यहरू र तिनको संख्या समय समयमा श्री ५ को सरकारले थप घट गर्न सक्नेछ ।

६. मूल ऐनको दफा ९ मा संशोधनः— मूल ऐनको दफा ९ लाई खारेज गरी त्यसको सट्टा निम्न-लिखित दफा ९ राखिएको छः—

९. कर र महसूल सम्बन्धी सुविधाः— प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि—

(१) यो ऐन लागू भएपछि खोलिने उद्योगहरूमा प्रचलित नेपाल कानून बमोजिम लाग्ने आयकर त्यस्तो उद्योगको काम चालू भएको मितिले १० वर्षसम्म लाग्ने छैन र त्यसपछि यो ऐन र यस ऐन अन्तर्गतको नियमानुसार अवस्था हेरी उद्योग समितिको सिफारिशमा श्री ५ को सरकारले मनासिब ठहराए बमोजिम त्यस्तो उद्योगहरूलाई अवधि तोकी वा नतोकी पूरा वा आंशिक रूपमा आयकर मिनाहा दिन सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुन अगाडि खोलिराखेका रजिष्टर्ड उद्योगहरूलाई उद्योग समितिको सिफारिशमा श्री ५ को सरकारले मनासिब ठहराएको अवधि-सम्मलाई मुनाफा करको २५ प्रतिशत मिनाहा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।